सबैला नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

मधेश प्रदेश, नेपाल

## भुक्तानी बन्द हुने सम्बन्धी सूचना

**श्री विषयगत शाखा/वडा कार्यालय/उपभोक्ता समिति/निर्माण समिति/आपूर्तिकर्ता/सेवा प्रदायक संघसस्था तथा सरोकारवालाहरु सबै..........**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० को उपनियम १, ३, ७ र ८ बमोजिम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै निकासा तथा खर्चको लेखांकन अध्यावधिक गरी खर्च लेखांकन तथा भुक्तानी निकासा बन्द गर्नुपर्ने कानुनी प्रावधान रहेको छ। सोही बाध्यकारी व्यवस्था अनुसार चालु आ.व. २०७९/०८० को स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली (Sutra) मिति २०८०/०३/२० गते पश्चात सुत्र लगायतको विद्युतीय प्रणालीमा अत्यधिक चाप पर्न जाने र विद्युतीय प्रणालीमा तोकिएको सीमा भन्दा बढी भार पर्न गएको अवस्थामा प्रणालीले अपेक्षाकृतमा कार्य सम्पादन गर्न नसकी लेखांकन तथा भुक्तानीमा समस्या आई अवरुद्ध हुन सक्ने भएकोले नगरपालिका अन्तर्गतका विषयगत शाखा/वडा कार्यालय/उपभोक्ता समिति/निर्माण समिति/आपूर्तिकर्ता/सेवा प्रदायक संघसस्था तथा सरोकारवाला सबैलाई चालु आ.व.२०७९/०८० मा संचालित योजना कार्यक्रमहरुको भुक्तानी प्राप्तिका लागि मिति २०८०/०३/२० गते भित्र नगरपालिकाको आर्थिक प्रशासन शाखामा **रीतपूर्वक भुक्तानी योग्य प्रमाणित कागजात तथा बिल भरपाई** पेश गरी दर्ता गराई भुक्तानी लिनुहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ। साथै तोकिएको समय सीमाभित्र भुक्तानीको लागि कागजात पेश नभई ढिलो गरी पेश हुन आएमा सोको कारबाही नहुने व्यहोरा सबैमा जानकारी गराईन्छ।

..............................
**लक्ष्मेश्वर ठाकुर**
**लेखा प्रमुख**

..............................
**कृष्ण पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**

वोधार्थः
श्रीमान् नगर प्रमुखज्यू, अवगतार्थ
श्रीमान् नगर उप प्रमुखज्यू, अवगतार्थ